नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

## नेपाल बैंक लिमिटेडको मिति २०७६ वैशाख २२ गते आइतबारका दिन सम्पन्न भएको ५९ औं साधारण सभाको विवरण तथा निर्णयहरु

नेपाल बैंक लिमिटेडको ५९ औं साधारण सभा यस बैंकका सञ्चालक समितिका अध्यक्ष श्री वासुदेव अधिकारीज्यूको सभापतित्वमा मिति २०७६ वैशाख २२ गते आइतबार तद्नुसार ५ मे २०१९ का दिन नेपाल एपीएफ क्लव, हलचोक, काठमाडौमा दिनको ११:०० बजे शुरु भई दिउँसो ३:३० बजेसम्म पूर्व निर्धारित विषय माथि छलफल गरी भएको निर्णय अभिलेख (माइन्युट) को संक्षिप्त विवरण निम्नानुसार प्रकाशित गरिएको छ ।

**१. सभाको सूचना जारी :**

कम्पनी ऐन, २०६३ र बैंकको नियमावली अनुसार सञ्चालक समितिको मिति २०७५/१२/१९ गते बसेको ६२ औं बैठकले बैंकको ५९ औं साधारण सभा मिति २०७६/१/२२ गते आइतवार दिनको ११:०० बजे, नेपाल एपीएफ क्लव, हलचोक, काठमाडौंमा बस्ने निर्णय गरे अनुसार कम्पनी ऐन, २०६३ को दफा ६७ (२) को व्यवस्था बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि साधारण सभा सम्बन्धी सूचना तथा बैंकको संक्षिप्त आर्थिक विवरण मिति २०७५ चैत्र २७ गतेको गोरखापत्र दैनिकमा प्रकशित गरिएको । साधारण सभा सम्बन्धी सूचना मिति २०७६/१/६ गते र साधारण सभा सम्बन्धी संक्षिप्त सूचना मिति २०७६/१/२१ गतेको गोरखापत्र दैनिक लगायत बैंकको वेब साइटमा समेत प्रकाशित गरी सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारी गराइएको ।

**छलफलका विषयहरु :**

**सामान्य प्रस्ताव :**

१. साधारण सभामा प्रस्तुत हुने सञ्चालक समितिका अध्यक्षज्यूको प्रतिवेदन ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७५ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७४/७५ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरु समेत छलफल गरी पारित गर्ने ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व.२०७५/७६ (२०१८/१९) को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. बैंकको नियमावलीमा भएको व्यवस्था बमोजिम सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालकको निर्वाचन गर्ने ।

**२. उपस्थित :**

**२.१ सञ्चालकहरु**

| | | |
|---|---|---|
| १. | श्री वासुदेव अधिकारी | अध्यक्ष |
| २. | श्री हरिशरण पुडासैनी | सञ्चालक |
| ३. | श्री दीपेन्द्र विक्रम थापा | सञ्चालक |
| ४. | डा. उमाकान्त सिलवाल | विज्ञ सञ्चालक |
| ५. | श्री भरत राज वस्ती | सञ्चालक |
| ६. | श्री गंगा प्रसाद ज्ञवाली | सञ्चालक |



सञ्चालक समिति
प्रधान कार्यालय, काठमाडौं

२.२ पदाधिकारीहरु

१. श्री कृष्णबहादुर अधिकारी — का.मु. प्रमुख कार्यकारी अधिकृत
२. श्री दुर्गाराज रेग्मी — विज्ञ (नायव प्रमुख कार्यकारी अधिकृत)

२.३ आमन्त्रित

१. श्री प्रकाश पुडासैनी — उप महालेखा नियन्त्रक, महालेखा नियन्त्रक कार्यालय ऋण तथा लगानी शाखा, (शेयरधनी नेपाल सरकारको तर्फबाट प्रतिनिधि)

## ३. गणपुरक संख्या तथा शेयरधनीहरुको उपस्थिति

| विवरण | कुल संख्या | स्वयम् उपस्थित | प्रतिनिधिद्धारा उपस्थित प्रोक्सी) | जम्मा उपस्थित | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनीको संख्या | ४७९६० | २३९ | - | २३९ | - |
| शेयर संख्या | ९,८१,११,४८० | ५,०३,५९,९४६ | - | ५,०३,५९,९४६ | **५१.३३** |

कम्पनी ऐन, २०६३ को दफा ७३(२) तथा कम्पनीको नियमावली अनुसार साधारण सभाको लागि गणपूरक संख्या, बाँडफाँड भएको कुल शेयर संख्याको पचास (५०) प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा तीन जना शेयरधनीहरु स्वयं वा आफ्नो प्रतिनिधि मार्फत उपस्थित भएमा साधारण सभाको लागि गणपूरक संख्या पुगेको मानिने प्रावधान भए अनुरुप कम्पनीको **कुल शेयर ९,८१,११,४८० कित्ता मध्ये ५,०३,५९,९४६** शेयर कित्ता धारण गरेका **२३९** जना शेयरधनीहरु स्वयम् उपस्थित हुनु भएको हुँदा कम्पनी ऐन, २०६३ र कम्पनीको नियमावली अनुसार आजको यस सभाको गणपूरक संख्या पुगेको जानकारी सभालाई कम्पनी सचिवले गराउनु भयो ।

## ४. सभाको वैधानिकता र सभापतित्व

बैंकको साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु तथा आगन्तुक महानुभावहरुमा हार्दिक स्वागत अभिवादन व्यक्त गर्दै कम्पनी सचिव केशव प्रसाद भण्डारीले सभाको कारवाही अगाडि बढाउनु भयो । उहाँले कम्पनी ऐन, २०६३ को दफा ७३ मा साधारण सभामा कुल शेयर संख्याको ५० प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनी मध्ये तीन जना शेयरधनीहरु स्वयं वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिने तथा सभाको गणपुरक संख्या नियमानुसार पुग्न गएको हुँदा सभाको सभापतित्व गरिदिनु हुन बैंकका सञ्चालक समितिका अध्यक्ष श्री वासुदेव अधिकारीज्यूलाई अनुरोध गर्नुभयो र अध्यक्षज्यूले सभाको सभापतित्व ग्रहण गर्नुभयो । कम्पनी सचिवले बैंकको वर्तमान सञ्चालक समितिका सदस्यहरु, बैंकका पदाधिकारीहरु, प्रतिनिधि तथा पर्यवेक्षकको परिचय सहित आसन ग्रहण गराउनु भयो । उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु तथा आगन्तुक महानुभावहरुलाई यथास्थानमा आसन ग्रहण गर्न अनुरोध गर्नु भयो । राष्ट्रिय गानको कार्यक्रम पश्चात कम्पनी सचिवले सभामा छलफल हुने विषयको जानकारी गराउनु भयो र कम्पनीको आ.व. २०७४/७५ को वार्षिक प्रतिवेदन, साधारण सभामा पेश हुने प्रस्तावहरु सभा समक्ष राखिदिन साथै कम्पनीले हालसम्म गरेको प्रगतिको संक्षिप्त विवरण प्रस्तुत गर्दै सभाको शुरुवात गर्न सभाका सभापतिज्यूलाई अनुरोध गर्नुभयो ।



नेपाल बैंक लिमिटेड संचालक समिति प्रधान कार्यालय, काठमाडौं

**५. वार्षिक साधारण सभाको प्रस्तुति :**

सभाका सभापति एवं बैंक सञ्चालक समितिका अध्यक्ष श्री वासुदेव अधिकारीज्यूले उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिवादन व्यक्त गर्दै सञ्चालक समितिको तर्फबाट साधारण सभामा पेश भएका प्रस्ताव, आ.व. २०७४/०७५ को बैंकको वित्तीय स्थितिको समीक्षा, बैंकको बैकिङ्ग कारोवारको समीक्षा एवं बैंकको भावी योजना प्रस्तुत गर्नुभयो ।

**६. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७५ आषाढ मसान्तको वासलात, मिति २०७४ साउन देखि २०७५ आषाढ सम्मको नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वित्तीय विवरणसँग सम्वन्धित अनुसूचीहरु समेत छलफल गरी पारित गर्ने सम्वन्धमा निम्न शेयरधनी महानुभावहरुले छलफलमा सहभागी भई मन्तव्य व्यक्त गर्नु भयो :**

| | | |
|---|---|---|
| १. प्रा.डा. मनोहर कृष्ण श्रेष्ठ | २. उद्धव प्रसाद घिमिरे | ३. अमृतनाथ रेग्मी |
| ४. डमरुवल्लभ घिमिरे | ५. नरसिंह लाल चखूँ | ६. चन्द्र नारायण श्रेष्ठ |
| ७. भक्ति प्रसाद उप्रेती | ८. गुणराज भट्ट | ९. शिव प्रसाद पौडेल |
| १०. जयन्द्र मान सिंह वानियाँ | ११. रोज कुमार श्रेष्ठ | १२. हरि ढकाल |

**७. प्रमुख कार्यकारी अधिकृतको मन्तव्य :**

सभामा शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएको बैंक व्यवस्थापनसँग सम्बन्धित जिज्ञासा तथा प्रश्नहरुको जवाफ दिंदै बैंकका का.मु. प्रमुख कार्यकारी अधिकृत श्री कृष्णबहादुर अधिकारीले बैंक व्यवस्थापन तथा सम्पूर्ण कर्मचारीहरु विगतको काम गराइवाट पाठ सिक्दै बैंकको वासलातको आकार बढाउन, व्यापार व्यवसाय अभिवृद्धि गर्न तथा शाखा सञ्जाल विस्तार गर्न प्रतिवद्ध भएर अघि बढिरहेको बताउनु भयो । साथै, शेयरधनी महानुभावहरुले लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित कैफियत लगायत विदेशी विनिमय कारोवार र लगानीका सम्वन्धमा दिनुभएका सल्लाह, सुझावलाई आगामी दिनमा क्रमशः कार्यान्वयन गर्दै लैजाने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो ।

**८. सभापतिज्यूबाट प्रतिउत्तर :**

सभामा आफ्ना विचार व्यक्त गर्नुहुने शेयरधनी महानुभावहरुले बैंकलाई अझ बढी प्रतिस्पर्धी बनाउनका लागि दिनु भएका विभिन्न महत्वपूर्ण सुझाव र सल्लाहहरुका लागि सभापतिज्यूले हार्दिक धन्यवाद व्यक्त गर्दै शेयरधनी महानुभावहरुले प्रकट गर्नुभएको प्रश्न तथा जिज्ञासा बारे सामुहिक रुपमा प्रत्युत्तर दिनुभयो । प्रत्युत्तरको क्रममा सबै सुझाव र सल्लाहहरुको मनन् गरी प्राथमिकताको आधारमा कार्यान्वयन गर्ने प्रतिवद्धता व्यक्त गर्दै शेयरधनी महानुभावहरुले राख्नु भएका जिज्ञासाहरुलाई निम्न बमोजिम सम्वोधन गर्नु भयो ।

<u>शेयरधनीहरुलाई प्रतिफल प्रदान गर्ने सम्बन्धमा</u> : विद्यमान ऐन कानूनको परिधी भित्र रही बैंकको वित्तीय अवस्थाका आधारमा नियमकारी निकायको स्वीकृतिमा आगामी वर्षहरुमा शेयरधनीहरुलाई लाभांश वितरण गर्न बैंक प्रयत्नशील रहेको विचार व्यक्त गर्नुभयो ।

<u>प्रशासनिक खर्चका सम्बन्धमा</u> : पुरानो बैंक भएको कारण बैंकको प्रशासनिक खर्च केही बढी देखिएको बताउँदै आगामी दिनमा प्रशासनिक खर्च कम गर्ने विभिन्न उपायहरु अवलम्बन गरिने तथा क्रमिक रुपमा उत्पादकत्व बढाउँदै जाने प्रतिवद्धता व्यक्त गर्नुभयो ।



नेपाल बैंक लिमिटेड संचालक समिति प्रधान कार्यालय, काठमाडौं

मानव संशाधन सम्वन्धमा : बैंकमा कार्यरत कर्मचारीहरुको संख्या अन्य प्रतिस्पर्धी बैंकहरु भन्दा बढी जस्तो देखिएको भएतापनि कर्मचारी संख्या दरबन्दीको तुलनामा कम नै रहेको, बैंकले शाखा विस्तार गरिरहेको भविष्यमा समेत शाखा सञ्जाल विस्तार गरी व्यापार व्यवसाय बृद्धि गर्दै जानुपर्ने कारण थप जनशक्ति बैंकलाई आवश्यक पर्ने देखिएको । तालिम तथा वृत्ति विकासका कार्यक्रमहरु सञ्चालन गरी प्रति कर्मचारी उत्पादकत्व बढाउने दिशामा आगामी दिनहरुमा कार्य गरिने विश्वास व्यक्त गर्नुभयो ।

दिगो योजनाका सम्बन्धमा : बैंकमा ५ वर्षे रणनीतिक योजनाहरु निर्माण गरी लागू गर्ने व्यवस्था विद्यमान रहेको व्यहोरा जानकारी गराउँदै हाल बैंकको रणनीतिक योजना २०७५/७६ - २०७९/८० कार्यान्वयन भइरहेको जानकारी गराउनु भयो ।

बैंकको आम्दानी वृद्धिका सम्बन्धमा : बैंकको विदेशी विनिमय, Off Balance Sheet क्षेत्र लगायत अन्य क्षेत्रहरुमा सुरक्षित लगानी बढाउँदै बैंकको आय श्रोत वृद्धि गर्ने तर्फ बैंक व्यवस्थापनलाई थप निर्देशन दिने साथै सञ्चालक समिति अझ बढी रचनात्मक भएर लाग्ने विश्वास शेयरधनी महानुभावहरुलाई दिलाउनु भयो ।

खुद ब्याज आम्दानी घटेको सम्बन्धमा : बैंकिङ्ग क्षेत्रमा देखिएको तीव्र प्रतिस्पर्धाको कारण नयाँ निक्षेप संकलनको ब्याज बढेको साथै बैंकमा भएको निक्षेप कायम राख्न पनि ब्याज बढाउनु पर्ने तर कर्जाको ब्याज बढाउने व्यवस्था नरहेको कारण केन्द्रीय बैंकको निर्देशन बमोजिमको Spread रेट वाञ्छनिय सीमा भित्र राख्न कठिन भएकोले सो व्यवस्था पालना गर्नका लागि उच्च लागत निक्षेप संकलन तर्फ जानुपर्ने भएको कारण खुद ब्याज आम्दानी घट्न गएको व्यहोरा जानकारी गराउनु भयो ।

साधारण सभा समयमा गर्ने सम्बन्धमा : NFRS लागू भएको पहिलो वर्ष भएकोले लेखापरीक्षण प्रतिवेदन तयार हुन समय लागेको साथै व्यवस्थापकिय संक्रमणकाल भएको कारणले यस वर्षको साधारण सभा ढिला हुन गएको जानकारी गराउँदै आगामी आर्थिक वर्षको साधारण सभा पौष मसान्तभित्र सम्पन्न गर्न हर सम्भव प्रयास गरिने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

अन्तमा, अध्यक्षज्यूले शेयरधनी लगानीकर्ताहरु, ग्राहक महानुभावहरु, बैंकमा कार्यरत कर्मचारी साथीहरु, क्रियाशील युनियनहरु, शुभेच्छुकहरु एवं बैकसँग प्रत्यक्ष वा अप्रत्यक्ष सम्बन्ध राख्ने सबै वर्गहरुको आगामी दिनहरुमा पनि निरन्तर सहयोगले नेपाल बैंक लिमिटेड अझ बढी सुदृढ हुने विश्वास व्यक्त गर्नु भयो ।

## ९. सभाको निर्णय :

१. अध्यक्षज्यूको मन्तव्य तथा सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल पछि सर्वसम्मतिबाट पारित भयो । लेखापरीक्षकको प्रतिवेदन सहितको २०७५ आषाढ मसान्तको वासलात, मिति २०७४ साउन देखि २०७५ आषाढ सम्मको नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वित्तीय विवरणसँग सम्वन्धित अनुसूचीहरु समेत शेयरधनीहरुका बीचमा छलफल भई सर्वसम्मत पारित भयो ।

२. कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व.२०७५/०७६ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्तावमा छलफल हुँदा महालेखा परीक्षकको कार्यालयको च.नं. ४१३, पत्र संख्या २०७५/०७६ मिति २०७६/०१/१० को पत्राबाट लेखापरीक्षक नियुक्त गर्न प्राप्त परामर्श अनुसार लेखापरीक्षण ऐन, २०७५ को दफा ११ मा भएको व्यवस्था बमोजिम यस बैंकको आ.व.२०७५/०७६ को लेखापरीक्षण गर्न लेखापरीक्षकहरु सिए श्री मुरलीधर तिवारी, सिए श्री युद्धराज ओली र सिए श्री ज्ञानेन्द्र सुवेदीलाई प्रत्येकले बराबर



नेपाल बैंक लिमिटेड संचालक समिति केन्द्रीय कार्यालय, काठमाडौं

पारिश्रमिक पाउने गरी जम्मा रु. १५,००,०००।- (अक्षरेपी पन्ध्र लाख मात्र) (भ्याट बाहेक) पारिश्रमिक दिई संयुक्त रुपमा लेखापरीक्षक नियुक्त गर्ने प्रस्ताव सर्वसम्मत रुपमा पारित भयो ।

३. बैंकको नियमावलीमा भएको व्यवस्था बमोजिम सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालकको निर्वाचन गर्ने प्रस्तावका सम्बन्धमा सर्वसाधारण समुहबाट ३ (तीन) जना सञ्चालकको निर्वाचन हुनुपर्ने माग सहित बैंकलाई विपक्षी बनाई सम्मानित उच्च अदालत पाटनमा मिति २०७६/०१/१७ मा रिट दायर भएको र उक्त रिट माथि मिति २०७६/०१/२० मा छलफल भई सोही दिन सम्मानित उच्च अदालतबाट अन्तरकालीन आदेश जारी हुने भनी आदेश भएको कारण हाललाई सञ्चालकको निर्वाचन सम्बन्धी विषय स्थगित गरिएको व्यहोरा सभा समक्ष जानकारी गराइयो । सम्मानित उच्च अदालत पाटनको अन्तिम निर्णय प्राप्त भए पश्चात् सञ्चालकको निर्वाचन सम्बन्धमा थप जानकारी गराइने व्यहोरा सभालाई जानकारी गराइयो ।

## १०. धन्यवाद ज्ञापन तथा सभा विसर्जन

अन्त्यमा, सभाका अध्यक्षले नेपाल बैंक लिमिटेड प्रति विश्वास राख्नु हुने आदरणीय शेयरधनी महानुभावहरु, ग्राहक महानुभावहरु, बैंकको हित तथा प्रगतिको लागि मार्ग निर्देशन दिने नेपाल सरकार, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड लगायतका अन्य सम्पूर्ण नियमनकारी निकायहरु, बैंकका ट्रेड युनियनहरु, बैंकको विकासमा अनवरत परिश्रम गर्ने बैंकका सम्पूर्ण कर्मचारीहरु, सञ्चार जगत र प्रत्यक्ष वा परोक्ष रुपमा नेपाल बैंकसँग हित गाँसिएका संघसंस्था तथा सरोकारवालाहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्नु भयो र आगामी दिनहरुमा पनि यहाँहरूवाट अमूल्य सुझाव, सहयोग र साथ पाउने अपेक्षा राख्दै आगामी दिनमा ग्राहकलाई अझ गुणस्तरीय बैंकिङ्ग सेवा प्रदान गर्ने र आदरणीय शेयरधनी महानुभावहरुलाई उचित प्रतिफल दिन क्रियाशील रहने प्रतिवद्धता व्यक्त गर्दै सभा विसर्जन भएको घोषणा गर्नु भयो ।

( केशव प्रसाद भण्डारी )
सचिव
सञ्चालक समिति

नेपाल बैंक लिमिटेड
संचालक समिति
प्रधान कार्यालय, काठमाडौं

( वासुदेव अधिकारी )
अध्यक्ष
सञ्चालक समिति